AjakoAwaj.Com आजकोआवाज.कम
USNepalOnline.Com
USANepalOnline.Com

# नेपालमा पैसा सापटी माग्दा जनता भन्छन्-

## "संबिधान सभाको चुनाव भएर गणतन्त्र घोषणा भए पछि दिन्छु भन्ने होइन नि"

काठमाडौं, January 18, 2008 - काठमाडौं खाल्दोमा चल्दै गरेको अनिस्चित संबिधान सभा र गणतन्त्र सम्बन्धी यो ठट्टा अब सेलाएको छ। तर अबको ८२ दिन पछी चैत्र २८ (अप्रिल १०) मा हुन लागेको संबिधान सभाको चुनाव सजिलै र शान्ती पूर्ण तवरबाट होला त?

निर्वाचन आयोगको तयारी, माओवादी नेता प्रचन्डको काठमाडौं क्षेत्र नं. १ बाट चुनाव लड्ने घोषणा र सात दलको चुनावी प्रतिबद्धता देख्दा अब चाँही चुनाव हुने भयो भन्ने लाग्दछ। तर तराइ र पूर्वका जनजाती बस्ती भित्र सल्किदै गएको असन्तुष्टी र बहिस्कारको आगोको लप्कोमा चुनाव डढ्न सक्ने सम्भाबना पनि उत्तिकै छ।

## संविधान सभा चुनाव : तैयारी तीब्र
## तोकिएकै मितिमा होला संविधान सभा चुनाव ?

**सीताराम बराल**

पुष मसान्तसम्म काठमाडौंवासीहरुले गर्ने एउटा ठट्टा माघको सुरुवात सँगै उनीहरुले गर्न छाडेका छन् । ठट्टा संविधानसभा निर्वाचन र गणतन्त्रसम्बन्धी सम्बन्धित छ । कसैले जव पैसा सापटी माग्थ्यो, सापटी दिने शर्त राख्थ्यो- 'संविधान सभाको चुनाव भएर गणतन्त्र आएपछि दिन्छु भन्ने होइन नि !' यसको अर्थ थियो, सापटी लैजानेले कहिल्यै दिनुनपर्ने गरी सापटी नलैजाओस् । पोहोर साल मंसीरमै गर्ने भनिएको संविधान सभाको चुनाव हुन नसकी तीन तीनपटक सरेपछि फेरि चुनाव हुने कुरामा कमैलाई मात्र विश्वास थियो । त्यसैले, संविधान सभाको अनिश्चितता सम्बन्धी प्रसङ्ग ठट्टाको रुपमा ऋण वा सापटी प्रसङ्गसँग जोडिन थालेको थियो । पुष ३० गते सातै राजनीतिक दलले संयुक्त सभामार्फत् तोकिएकै मिति चैत्त मसान्तमा चुनाव गराएरै छाड्ने उद्घोष गरेपछि संविधान सभा हुन्छ भन्ने विस्तारै जनतामा विश्वास पलाउन थालेको छ । र, यस्तो ठट्टाको अन्त्यपनि भएको छ । राजनीतिक पार्टी र निर्वाचन आयोगसमेत निर्वाचनको अन्तिम तैयारीमा लागेका छन् ।

हार्ने डरले निर्वाचन नचाहेको आरोप खेप्दै आएको तथा 'सत्तारुढ' र 'विद्रोही' जस्ता परस्पर विरोधी दुवै उपमा पाएको नेकपा (माओवादी) चुनाव तैयारीको सबैभन्दा अग्रभागमा देखिएको

छ । पुषको तेश्रो हप्ता सुरु भै अन्तिम हप्तामात्र सकिएको माओवादी केन्द्रीय समितिको बैठकले निर्वाचनकालागि तैयारी सुरु गर्ने योजना बनाइसकेको छ । उसले पार्टी प्रमुख प्रचण्डको अध्यक्षतामा चुनाव प्रचार प्रसार समिति बनाएको छ भने बाबुराम भटराईलाई चुनाव घोषणा पत्र मस्यौदाको जिम्मा दिएको छ । यसैगरी रामबहादुर थापा (बादल) ले उम्मेदवार छनौट गर्ने जिम्मा पाएका छन् । बढि भन्दा बढि आफ्ना उम्मेदवारलाई जिताउन चुनावमा वाम तालमेल गर्ने जिम्मेवारी मोहन बैद्य (किरण) ले लिएका छन् । माओवादी अध्यक्ष प्रचण्ड भन्छन्- 'माओवादीले चुनावमा हार्छ भन्ने र त्यसैकारण चुनाव नचाहेको भन्ने आरोप दुश्प्रचार मात्र हो, माओवादी चुनावमा जान्छ र निर्वाचन जितेरपनि देखाइदिनेछ ।'

माओवादी नेताहरुले चुनावमा भाग लिनेमात्र होइन, उम्मेदवारी घोषणासमेत सुरु गरिसकेका छन् । उम्मेदवारी घोषणा गर्ने सवालमा कांग्रेस- एमालेजस्ता ठूला दलहरु अहिलेसम्म अघि सरेका छैनन् । केन्द्रीय समितिको बैठकले निर्वाचनसम्बन्धी उपरोक्त निर्णय गरेलगत्तै माओवादीका बरिष्ठ केन्द्रीय सदस्य एवं अन्तर्राष्ट्रिय विभाग प्रमुख सीपी गजुरेल (गौरव) माघ १ गते आफ्नो गृहजिल्ला सिन्धुली पुगेर आफू जिल्लाको क्षेत्र नं २ बाट उठ्ने घोषणा गरे । गजुरेलले पार्टीका सबै केन्द्रीय नेताहरु प्रत्यक्ष निर्वाचनमै उम्मेदवार हुने केन्द्रीय समितिको निर्णयपनि त्यहाँ सुनाए । उनले भने- 'अध्यक्ष प्रचण्ड काठमाडौं क्षेत्र नं १ र राजधानी बाहिरको अर्को कुनै निर्वाचन क्षेत्र गरी दुईवटा निर्वाचन क्षेत्रबाट निर्वाचन लड्नुहुनेछ ।'

प्रचण्ड काठमाडौं-१ बाहेक गृहजिल्ला चितवन वा कास्कीको कुनै क्षेत्रबाट चुनाव लड्नेछन् । उनले मधेशको कुनै जिल्ला छान्ने सम्भावनापनि छ । डा. भटराई गोर्खाबाट चुनावमा प्रतिस्पर्धा गर्नेछन् । रामबहादुर थापा (बादल) चितवन वा गुल्मीबाट, मोहन बैद्य (किरण) प्यूठान वा दाङबाट चुनाव लड्नेछन् । यसैगरी पोष्टबहादुर बोगटी (दिवाकर) नुवाकोटबाट लड्ने सम्भावना छ । सूचना तथा सञ्चार मन्त्री कृष्णबहादुर महरा रोल्पाबाट चुनाव लड्नेछन् । यसरी उम्मेदवारीको समेत घोषणा गरेर माओवादी नेताहरु माओवादी चुनाव चाहँदैन भन्ने भ्रम मेटाउनमात्र होइन, आफ्नो पक्षमा माहौल बनाउन सुरु गरिसकेका छन् । नेपालकै सबैभन्दा चर्चित काठमाडौं क्षेत्र नं १ बाट प्रचण्ड चुनाव लड्ने माओवादी घोषणाले निश्चयपनि चुनावी माहौल बनाउन भूमिका खेल्नेछ ।

माओवादीले चुनावलाई लडाईंकै अभिन्न अंगको रुपमा लिएको छ । 'चुनावपनि एक प्रकारको लडाई नै हो, जसरी लडाईंमा चाँडो पहलकदमी लिई आक्रमण गर्नेले जित्न सक्छ, चुनावमापनि त्यस्तै हो, हामीले चुनावको पहलकदमी आफ्नो हातमा लिएका छौं' माओवादीका एक केन्द्रीय नेताले यस पंक्तिकारसँग भने- 'समानुपातिक निर्वाचन प्रणाली र गणतन्त्रको पक्षमा हाम्रो अडानले माहौल हाम्रो पक्षमा छ । चुनावमा जाने हाम्रालागि उपयुक्त मौका यही हो ।' यसरी विस्तारै संविधान सभाको माहौल बन्दै जान थालेको देखिएको छ । सोमवार सातै दलले संयुक्त सभामार्फत् तोकिएकै मितिमा संविधान सभाको चुनाव गर्ने सामुहिक संकल्प गरिसकेका छन् । तीन ठूला दलहरु नेपाली कांग्रेस, नेकपा (माओवादी) र नेकपा (एमाले) सहित सातदलीय गठबन्धनका अन्य चारै दलले संयुक्त सभामार्फत् संविधान सभाको पक्षमा संकल्प व्यक्त गरेका छन् । त्यसैले, अहिलेसम्मकालागि उनीहरुको तर्फबाट चैत्रमा हुने सविधान सभा हुन नदिन कुनै व्यवधान नहुने देखिएको छ ।

**मधेशको मनस्थिति**

तराईको बिग्रँदो शान्ति सुरक्षा,  मधेशका नयाँ र पुराना सबै पार्टी-संगठनहरुको असन्तुष्टी साम्य भैनसकेको स्थितिले गर्दा मधेशमा संविधान सभाको चुनाव हुनसक्छ वा सक्दैन भन्ने सन्देह भने अहिलेपनि छ । यद्यपी, तराईमासमेत कांग्रेस, माओवादी र एमालेजस्ता ठूला दलहरु 'चुनाव हुन्छ, गर्नैपर्छ' भनेर गएमा मधेशमापनि सहजै चुनाव हुनसक्ने एमाले महासचिव माधव नेपालको कथन छ । पुषको अन्तिम हप्ता पूर्वी तराईका जिल्लाहरुको भ्रमण गरी काठमाडौं फर्केका महासचिव नेपाल भन्छन्- 'चुनावै हुननसक्ने गरी मधेशको स्थिति बिग्रिहालेको छैन, सातै दल एक भएर जाने हो भने मधेशमापनि सहजै चुनाव हुन्छ ।' महासचिव नेपालले यही कुरा पुष ३० को संयुक्त सभामापनि भनेका थिए ।

सात दलीय गठबन्धनको एउटा दल हो नेपाल सद्भावना पार्टी (आनन्दीदेबी) । उ पनि तराईमा चुनाव हुनसक्ने बताउँछ । 'संविधान सभा हाम्रा लागिपनि अवसर हो, यो मौका गुमाउनुपर्छ

भन्नेमा कुनैपनि मधेशी जनता छैनन्' सो पार्टीका महासचिव डा. डम्बरनारायण यादव भन्छन्- 'केही मधेशी संगठन र समूहमा अहिलेपनि असन्तुष्टी छ, तरपनि उनीहरुसँग कुराकानी गर्ने हो भने तराईमा संविधान सभाको चुनाव हुनसक्छ ।'

मधेशमा नयाँ शक्तिको रुपमा उदाएको महन्थ ठाकुर नेतृत्वको तराई-मधेश लोकतान्त्रिक दलपनि असन्तुष्ट मधेशी संगठनमध्येकै पर्छ । यो दलले आफ्ना माग पुरा गराउन माघ ४ गतेसम्मको अल्टिमेटम सरकारलाई दिएको छ । आत्मनिर्णयको अधिकारसहितको छुट्टै मधेश स्वायत्त राज्य हुनुपर्ने लगायत ११ सूत्रीय माग यो पार्टीले राखेको छ । अल्टिमेटमको अवधिसम्म आफ्ना माग पुरा नभए माघ ५ गतेदेखि आन्दोलन गर्ने धम्की यो पार्टीले दिएको छ । पुष २८ गते पार्टीको तर्फबाट वीरगञ्जमा आयोजित संकल्प सभामा बोल्दै पार्टी अध्यक्ष महन्थ ठाकुरले अहिलेकै स्थितिमा संविधान सभाको चुनावमा भाग लिंदा मधेशको उचित प्रतिनिधित्व नहुने जनाए । ठाकुरले सो सभामा भनेका थिए- 'यस्तो चुनावमा भाग लिनुको कुनै औचित्य छैन ।' सोही दिन मधेश जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव र नेपाल सद्भावना पार्टी (महतो समूह) का अध्यक्ष राजेन्द्र महतोलेपनि मधेशका समस्या थाती राखेर संविधान सभाको चुनाव गर्न खोजिए त्यसको परिणाम नराम्रो हुने चेतावनी दिएका थिए ।

ठाकुर, यादव र महतोका अभिव्यक्तिले तराईमा संविधान सभाको चुनाव हुने कुरामा आशंका अवस्य थपे । तर, यो आवेगको अभिव्यक्ति थियो । वीरगञ्ज सभाको भोलिपल्टै ठाकुर नेतृत्वको दल निर्वाचन आयोगमा दर्ता भएको छ । यसको संकेत हो, जेजस्तो धम्की दिएपनि उनीहरुपनि चुनावमा भाग लिनेछन् । उता, फोरमका यादव र सद्भावनाका महतोलेपनि त्यसयता संविधान सभा चुनाव विरोधी अभिव्यक्ति दिएका छैनन् । तर, बुधबार बसेको सात दलका शीर्ष नेताहरुको बैठकले ठाकुर लगायत मधेशमा शान्तिपूर्ण आन्दोलनका पक्षधर दलहरुसँग वार्ता गर्ने र उनीहरुको माग एबं असन्तुष्टिहरु सुनुवाई गरी समस्या समाधानको प्रयास गर्ने निर्णय गरेको छ ।

चुनौति छ, जनतान्त्रिकका दुई समूहहरुको । यही स्थितिमा चुनाव हुन नदिने जनतान्त्रिकका दुवै समूहले बताएका छन् । जनतान्त्रिकको एउटा समूहका अध्यक्ष नागेन्द्र पासवान (ज्वाला सिंह) ले पुषको चौंथो साता विज्ञप्ति जारी गरी समानुपातिक निर्वाचन प्रणाली बाहेकको निर्वाचनको कुनै औचित्य नरहेको बताउँदै तराईमा चुनाव असफल पार्ने बताएका छन् । यस्तै घोषणा अर्को समूहका अध्यक्ष जयकृष्ण गोइतले गरेका छन् । तर, राजनीतिक दलहरु एक भएर चुनावमा गए भने चुनाव असफल हुने होइन, जनतान्त्रिकलगायतका मधेशमा हिंसारत समूहहरुको चुनाव हुनै नदिने योजना असफल हुने सम्भावना देखिन्छ ।

सरकारले तराईमा विशेष सुरक्षा योजना कार्यान्वयन गरिरहेको छ । विशेष सुरक्षा योजना अन्तर्गत पूर्वी तराईमा सशस्त्र प्रहरीको परिचालनपछि जनतान्त्रिकको गतिविधिमापनि काफीमात्रामा कमी आएको छ । सुरक्षा श्रोतका अनुसार, दुई महिनायता सशस्त्र प्रहरीले जनतान्त्रिक लगायत तराईका अन्य सशस्त्र-आपराधिक संगठनका करिव सयभन्दा नेता-कार्यकर्तालाई पक्राउ गरिसकेको छ । अघिल्लो शुक्रबार (पुष२७) मात्रैपनि दोश्रो जनतान्त्रिक समूहका संयोजक विस्फोट सिंह पक्राउ परेका छन् । सुरक्षा अंगहरुको यो सफलता आगामी दिनमापनि कायममात्र रहन सक्यो भने मधेशमा चुनाव निर्वाध रुपमा हुने देखिन्छ । चुनावकालागि मधेशका जिल्लाहरुमा मधेशी सिडिओहरुलाई नै खटाउने योजनापनि सरकारले बनाएको छ ।

**मधेश र पार्टीहरु**

गत सालको मधेश आन्दोलनलाई आफ्ना विरुद्ध प्रयोग गरिएपछि मधेशमा आफू कमजोर बनेको विश्लेषण गर्दै माओवादी चुनावमा जान हच्केको थियो । उता, मधेश आन्दोलनअघि मधेशमा माओवादीको पक्षमा बढेको जनलहरका कारण कांग्रेस र एमालेजस्ता दलहरु डराएका थिए । गत साल मंसीरमै हुनुपर्ने चुनावमा त्यसयता जेठ-असार र गएको मंसीरमापनि हुननसक्नुमा कांग्रेस, माओवादी र एमालेले मधेशमा आफ्नो स्थिति अनुकूल नदेख्नु थियो । कूल जनसंख्यामध्ये पुगनपुग जनसंख्या रहेको मधेशमा कमजोर हुनासाथ त्यसको असर राष्ट्रव्यापी नतिजामा पर्ने डर ठूला तीनै पार्टीलाई थियो । तर, अहिले मधेशमा आफ्नो लागि स्थिति सन्तुलनमा रहेको तीनै पार्टीको आन्तरिक विश्लेषण छ ।

माओवादीको स्थिति खासै नसुध्रेको र महन्थ ठाकुर अलग्गिएपनि स्थिति आफ्नो पक्षमा रहेको मधेशको जनमत पुरै नखस्केको कांग्रेसको विश्लेषण छ । यस अघिका चुनावहरुमा मधेशमा कांग्रेसले अग्रता हासिल गर्ने गरेको थियो । ठाकुरको पार्टीमा कांग्रेसका जति नेता-कार्यकर्ता जाने भनिएको थियो, त्यति गएको देखिएन । सुरुमा ठाकुरको पक्षमा जाने र अध्यक्षको रुपमा पार्टी नेतृत्व गर्ने भनिएका विजय गच्छेदारपनि रोकिए, कांग्रेसमै रहे । मधेशमा जान लागेको पहिरोलाई रोक्न कांग्रेसले मधेशी सांसद रामकुमार चौधरी (सप्तरी) लाई पहिलो चोटि गृहराज्यमन्त्री बनाएको छ ।

गणतन्त्र र समानुपातिकको मुद्दालाई उठाएपछि मधेशमा बिग्रेको माओवादी छबि केही सुध्रेकोमात्र छैन, उसले यही स्थितिको उपयोग गरेर यसबीचमा संगठन विस्तारसमेत गरेको छ । माओावादीले गरिव जनताको पक्षमा वर्गीय मुद्दा उठाएकाले माओवादीको स्थितिपनि मधेशमा कांग्रेस-एमाले भैँ प्रतिस्पर्धी हुने सद्भावना नेतृ सरिता गिरी बताउँछिन् । माओवादीले अरु पार्टीभन्दा आफ्नो स्थिति सबैभन्दा अनुकूल रहेको किन मानेको छ भने, स्थिति महन्थ ठाकुरको पार्टीमा मधेशमा कार्यरत अधिकांस एमाले र कांग्रेसका कार्यकता गएका छन्, तर माओवादीबाट कोहीपनि गएनन् । माओवादी विरुद्ध लक्ष्यित गत सालको मधेश आन्दोलनले मधेशमा माओवादीप्रतिको आकर्षण रोक्ने काम त गर्‍यो, तर कुनैपनि माओवादी कार्यकर्ताले पार्टी छाडेनन् । बरु, कांग्रेस-एमालेका कार्यकर्ताहरु मधेश जनअधिकार फोरमतर्फ आकर्षित भए, फोरम बलियो बन्यो । त्यही आन्दोलनको जगमा उठेर महन्थ ठाकुरले कांग्रेस, एमाले र राप्रपा, सद्भावनाका नेता कार्यकर्तालाई समेटेर तराई मधेश लोकतान्त्रिक पार्टी बनाए । सुरुमा जनतान्त्रिकका दुबै समूहले माओवादी कार्यकर्तामाथि आक्रमण गरेकामा पछिल्लो समयमा त्यो आक्रमण माओवादीको सट्टा कांग्रेस एमालेप्रति सोभि्कएको देखिएकोछ ।

मधेशमा आफ्नो स्थिति त्यतिसार्‍हो नबिग्रेको विश्लेषण छ एमालेकोपनि । पूर्व केन्द्रीय सदस्य महेन्द्र राय यादवसहितका एमालेका केही नेता-कार्यकर्ता ठाकुर नेतृत्वको पार्टीमा गएका छन् । केन्द्रीय सदस्य रघुवीर महासेठ र सांसदहरु दानबहादुर चौधरी, जगदीशप्रसाद शाह लगायतका नेताहरु ठाकुर नेतृत्वको पार्टीमा जाने चर्चा थियो । उनीहरु जाने मनस्थितिमापनि थिए । तर, कांग्रेसका धेरै मानिसहरु नगएपछि एमालेबाट जान लागेकाहरुपनि रोकिए । यो स्थितिमा मधेशको परिणाम आफ्नालागि त्यति निराशाजनक नहुने एमालेलाई लागेको छ । बरु चुनाव नभएमा आफ्ना कार्यकर्ताहरु पार्टीबाट पलायन भै माओवादी र ठाकुरको पार्टीमा जाने सम्भावनाले त्रस्त देखिन्छ एमाले । त्यसैलेपनि एमालेलाई छिटोभन्दा छिटो चुनाव चाहिएको छ ।

**आयोगको तैयारी**

पुष २८ गते मन्त्री परिषद् बैठकले निर्वाचन तिथि घोषणा गरेलगत्तै प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले तोकिएको मितिमा निर्वाचन गराउने बताएका थिए । साथै, उनले तीन महिनाको समय दिएर तिथि घोषणा गरकामा सरकारलाई धन्यवादपनि दिए । यसले निर्वाचनको घोषणाबाट आयोग उत्साहितमात्र होइन, समयमै निर्वाचन गराउन सक्षम छ भन्ने कुरा यसले देखाएको छ । आयोगले यसबीचमा आचार संहिता र चुनावकालागि मनोनयन पत्र दाखिलाजस्ता महत्ववूर्ण कार्यक्रमसमेत सार्वजनिक गरिसकेको छ । चैत्र २८ गते हुने निर्वाचनकालागि मतदान विहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म तय गरिएको छ । आचार संहिता अन्तर्गत सरकार र सरकारी संस्था, गैरसरकारी संस्था र स्थानीय निकायका हकमा माघ २ गतेदेखि नै आचार संहिता लागु हुने कार्यक्रम आयोगले तय गरेको थियो ।

आचार संहिता अनुसार, माघ २ देखि सरकारी कर्मचारीको सरुवा-बढुवा, नयाँ योजना स्वीकृति र नयाँ योजनाको शिलान्यास तथा अनुदान दिन काम हुनेछैन । तर, सरकारी कामकाजमै असर परेकाले सरुवा सम्बन्धी आचार संहिताको व्यवस्थालाई १५ दिन पर सार्न सात दलको मंगलबार (माघ १) को बैठकले निर्वाचन आयोगसँग अनुरोध गर्ने निर्णय गरिसकेको छ । यसैगरी मन्त्री वा राजनीतिक नियुक्ति पाएका व्यक्तिले सरकारी कामकालागि सरकारी भ्रमणमा जाँदा सरकारी श्रोतसाधन प्रयोग गरी निर्वाचन प्रचार-प्रसार गर्न नपाउने प्रावधानपनि आचार संहितामा राखिएको छ ।

चुनावमा भाग लिने उम्मेदवारको मनोनयनसम्बन्धी प्रकृया फागुन ८ गतेदेखि सुरु हुनेभएकाले निर्वाचन आयोगले दलहरुको हकमा आचार संहिता त्यसै दिनदेखि लागु हुने बताएको छ ।

प्रत्यक्ष निर्वाचनमा उठ्ने उम्मेदवारहरुले आफ्नो निर्वाचन क्षेत्रमा साँढे चारलाखमात्र खर्च गर्न पाउनेछन् । समानुपातिक तर्फका उम्मेदवारहरुले भने ५० हजारमात्र खर्च गर्न पाउनेछन् । भित्ते लेखन, तुल र व्यानरमा प्रतिबन्धको व्यवस्थापनि आचार संहितमा गरिएको छ । तर, आचार संहिताको कार्यान्वियन हुने कुरामा भने शंका छ । आयोगले भने प्रंभावकारी कार्यान्वियनकालागि अनुगमन संयन्त्र बनाइने बताएको छ ।

आयोगले चुनावसम्बन्धी कार्यक्रमपनि सार्वजनिक गरिसकेको छ । पुष २९ गते सार्वजनिक कार्यक्रम अनुसार, समानुपातिक निर्वाचनकालागि ८ फागुनमा दलहरुले आफ्ना उम्मेदवारहरुको बन्दसूची निर्वाचन आयोगलाई पेश गर्नुपर्नेछ भने यसरी पेश गरिएको नाममा फागुन १६ देखि २२ सम्म संवन्धित दलले संसोधन गरी नयाँ नाम पेश गर्न सक्नेछन् । नाम फिर्ता लिने कार्यक्रम चैत्र ९ र १० कालागि राखिएको छ । दलहरुले पठाएको बन्दसूचीलाई मान्यता दिई निर्वाचन चिन्ह दिने काम आयोगले चैत्र १२ गते गर्नेछ । समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत ३ सय ३५ जना संविधान सभाका सदस्यहरु चुनिएर आउनेछन् । विभिन्न जाति-जनजाति, क्षेत्र र लिङ्गको जनसंख्याको अनुपातको आधारमा दलहरुले उम्मेदवारको नाम पेश गर्नुपर्ने बताइएको छ । नेपालको सन्दर्भमा समानुपातिक निर्वाचन प्रणाली नयाँ प्रणाली हो । यसमा मतदाताहरुले व्यक्तिलाई होइन, दललाई मतदान गर्नेछन् । देशभरि खसेको कूल मतमध्ये कुनै दलले जति प्रतिसत मत पाउँछ, त्यसले संविधानसभामा समानुपातिक अन्तर्गत छुट्याइएको सिट (३ सय ३५) मध्ये आफूले पाएको मत प्रतिसतको आधारमा आफ्ना प्रतिनिधिहरु संविधान सभामा पठाउन सक्नेछ । मानौं, समानुपातिक अन्तर्गतको निर्वाचनमा माओवादीले ५० प्रतिसत मत पायो भने ३ सय ३५ को ५० प्रतिसत सदस्यहरु माओवादीका चयन हुनेछन् । बन्दसूचीमा पेश गरिएका र प्राथमिकतामा परेका उम्मेदवार समानुपातिक अन्तर्गत संविधान सभामा चुनिएर जान पाउनेछन् । यस प्रणाली अन्तर्गतको निर्वाचनकालागि छुट्टै मतपत्रको व्यवस्था गरिएको छ ।

भौगोलिक निर्वाचन क्षेत्रका आधारमा संविधान सभाका सदस्यहरु २ सय ४० जना चुनिनेछन् । निर्वाचन क्षेत्रका आधारमा हुने यो निर्वाचनकोलागि छुट्टै मतपत्रको व्यवस्था गरिएको छ । यसअन्तर्गत मतदाताहरुले यस अघिका चुनावमा झैं आफ्नो क्षेत्रबाट आफूलाई मन परेको उम्मेदवारलाई मत दिन पाउनेछन् । यसलाई प्रत्यक्ष मतदान प्रणालीको नाम दिइएको छ । प्रत्यक्ष मतदान प्रणाली अन्तर्गत उम्मेदवारहरुको मनोनयनपत्र दाखिला फागुन १३ गते हुनेछ । उनीहरुका विरुद्ध उजुरी दिने कार्यक्रम १५ फागुनकालागि छुट्याइएको छ । उम्मेदवारहरुले फागुन १७ गते उम्मेदवारी फिर्ता लिन पाउनेछन् । उम्मेदवारको अन्तिम नामावली संबन्धित क्षेत्रका निर्वाचन आयोगका कार्यालयहरुले १८ फागुनकादिन प्रकासित गर्नेछन् । र, उम्मेदवारहरुले चुनाव चिन्ह फागुन १९ गते पाउनेछन् ।

आयोग यतिबेला निर्वाचनसम्बन्धी व्यवस्थापनको काममा जुटेको छ । मतपत्र र निर्वाचनका सम्बन्धमा जनचेतना फैलाउने खालका सामाग्रीहरु छपाईको योजना आयोगले बनाउँदैछ । फागुनको तेश्रो सातादेखि निर्वाचनका सम्बन्धमा जनचेतना र मतदानकालागि अनुरोध गर्दै कर्मचारी र स्वयंसेवकहरु जनताको घरदैलोमा पुग्नेछन् । दुईलाख भन्दा बढि कर्मचारी र स्वयंसेवकहरु यसकामकालागि खटाइने आयोगले बताएको छ । निर्वाचनमा प्रतिस्पर्धा गर्ने पार्टी र उम्मेदवारहरुले पनि निर्वाचनको प्रचार-प्रसार गर्ने भएकाले आवस्यक जनचेतना विस्तार गर्ने काम सहजै हुने देखिन्छ । यसैगरी माघको तेश्रो साताभित्र निर्वाचन अधिकृतको नियुक्ति गरिसक्ने र उनीहरुलाई निर्वाचन कार्यक्रमहरुको सुरुवात हुनेदिन अर्थात् फागुन ८ गतेभित्र तालिम दिइसक्ने योजनामा छ आयोग ।

**जोखिमपनि उत्तिकै**

चुनाव त्यतिबेलामात्र सम्भव हुनसक्छ, जतिबेला ठूला तीन प्रमुख दल- नेपाली कांग्रेस, नेकपा (माओवादी) र नेकपा (एमाले) लाई चुनावमा आफूले सम्मानजनक स्थान हासिल गर्छौं भन्ने विश्वास हुन्छ । पोहोर मंसीरमा हुने भनिएको गत मंसीरमापनि हुन नसक्नुको कारण तीनै दललाई आफूले चुनावमा जित्ने वा सम्मानजनक स्थान हासिल गर्ने कुरामा विश्वास नलाग्नु थियो । गत मंसीरमा चुनाव हुँदा आफ्नो स्थान खस्कने भय माओवादीलाई थियो भने पोहोर मंसीरमा हुँदा आफ्नो मत माओवादीले पाउने विश्लेषण एमालेको थियो । पार्टी एकता भैनसकेकाले जेठमा चुनावमा जाँदा सर्मनाक हार हुने विश्लेषण कांग्रेस गरेको थियो । यिनै कारणले पोहोर मंसीर, जेठ र गत मंसीरमा चुनाव हुन सकेनन् ।

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको सिट संख्या बढाइएकाले आगामी चुनावमा यी तीनै ठूला दलले सम्मानजनक सिट हासिल गर्ने देखिन्छ । यसैगरी साना-साना दलहरुलेपनि समानुपातिक प्रणाली अन्तर्गत सम्बिधान सभामा आफ्ना प्रतिनिधिहरु पठाउन सक्नेछन् । यस हिसावले सात पार्टीको तर्फबाट चुनाव भाँडिने सम्भावना अहिलेसम्मलाई छैन । तर, चैत्रमै चुनाव होला त ? यसको ग्यारेन्टी भने कसैले गर्नसक्ने स्थिति छैन । पश्चिम तराई शान्त देखिएपनि पूर्वी तराईका सबैजसो क्षेत्रीय पार्टी र समूह असन्तुष्ट छन् । आफ्ना माग पुरा नभए माघ ५ देखि आन्दोलन गर्ने धम्की उपेन्द्र यादवदेखि महन्थ ठाकुरसम्मले दिएका छन् । उनीहरुको आन्दोलनमा जनतान्त्रिक लगायतका हिंसारत समूहहरुको साथ वा घुषपैठ भयो भने मधेशमा स्थिति फेरिपनि भड्किन सक्छ । र, मधेशमा उत्पन्न हुने नयाँ परिस्थितिका कारण कांग्रेस, माओवादी वा एमालेको स्थिति खस्किने देखियो ठूला दल फेरि संविधान सभाको विपक्षमा देखिन सक्छन् ।

माओवादीले जित्ने सम्भावना बढ्दै गएमा विदेशीहरुले चुनावै नगराउन दबाव दिनसक्ने सम्भावना पनि त्यत्तिकै छ । संविधान सभाको पहिलो बैठकले राजतन्त्रको भविष्य निर्धारण गर्ने भएकाले दरवारपनि चुनाव भाँडन् भित्री रुपले सकृय हुने पक्कापक्की छ । यसकालागि उसले मधेशका विरोधी समूहहरुलाई कुनै हिसावले प्रयोग गर्नसक्ने सम्भावना छ । बुधबार (माघ २) मात्रैपनि हिन्दुवादी भारतीय जनता पार्टीका बरिष्ठ नेता लालकृष्ण आडवाणीले माओवादीको दबावमा राजतन्त्रलाई पाखा लगाउने निर्णय गरिएकोमा विरोधमात्रै गरेनन्, यो स्थितिमा भारत चुप लागेर बस्न नहुनेसमेत बताए । गत सालको मधेश आन्दोलनमापनि भारतका अतिवादी हिन्दूहरुको हात देखिएको थियो । मधेश आन्दोलनअघि फोरमका अध्यक्ष उपेन्द्रं यादव अतिवादी हिन्दूहरुको प्रायोजनमा आयोजित भारतको गोरखपुरमा आयोजित एउटा कार्यक्रममा भाग लिएका थिए, जहाँ नेपाल ‘हिन्दू राज्य’ नभएको र राजतन्त्रको अस्तित्व समाप्त गर्न लागिएकोमा चिन्ता व्यक्त गरिएको थियो । फोरमको आन्दोलनको सूत्रपात त्यही कार्यक्रमलाई मान्ने गरिएको छ ।

चुनावमा जाने घोषणा लगत्तै हिन्दूवादी नेता आडवाणीद्धारा आएको पछिल्लो अभिव्यक्तिले कतै फेरि मधेशलाई उचालेर संविधान सभा र गणतन्त्रविरुद्ध प्रयोग गरिने त होइन भन्ने आशंका उब्जन थालेको छ । यसैबीच आगामी रणनीति तय गर्न महन्थ ठाकुर, उपेन्द्र यादव, जयकृष्ण गोइत र ज्वाला सिंहहरुको विहारको सीतामडीमा बैठक भैरहेको समाचारपनि आइरहेका छन् । यस्ता घटनाहरुलेपनि संविधान सभाको सफलतामा सन्देह पैदा गराउन भूमिका खेलेका छन् ।